मिति : २०७६ मङ्सिर २५

# विशेष परिपत्र – ६

अध्यक्ष कमरेड पुष्पकमल दाहाल प्रचण्डको अध्यक्षतामा २०७६ मङ्सिर २३ गते सम्पन्न नेपाल कम्युनिष्ट पार्टी ( नेकपा), केन्द्रीय सचिवालयको ४६औं बैठकका महत्वपूर्ण निर्णयहरु जानकारी एवं कार्यान्वयनका लागि यो विशेष परिपत्र - ६ जारी गरिएको छ ।

१. बैठकले स्थायी कमिटीको प्रथम बैठकबाट कमरेड रामबहादुर थापाको संयोजकत्वमा गठित कार्यदलको सिफारिस समेतका आधारमा पार्टी विधानमा संशोधन सम्बन्धी प्रस्ताव तयार गरेको छ । उक्त प्रस्ताव स्थायी कमिटीको आगामी बैठकामा प्रस्तुत गरिनेछ ।

२. बैठकले केन्द्रीय संगठन विभागको अधिकार र कर्तव्यसम्बन्धी पार्टी नियमावलीमा उल्लिखित व्यवस्थामा परिमार्जन एवं संशोधन गर्नुपर्ने आवश्यकता महशुस गरेको छ । यस प्रयोजनका लागि प्रस्ताव तयार गर्ने जिम्मेवारी कमरेड वामदेव गौतमलाई दिइएको छ ।

३. सचिवालयको यस बैठकमा भएको छलफल र कमरेडहरुबाट प्राप्त हुने सुझाव समेतका आधारमा केन्द्रीय संगठन विभागबाट ९ भदौं २०७६ मा प्रस्तुत प्रस्तावलाई परिमार्जन गरी आगामी बैठकमा प्रस्तुत गर्ने जिम्मेवारी अध्यक्ष कमरेड पुष्पकमल दाहाल प्रचण्ड र कमरेड वामदेव गौतमलाई प्रदान गरिएको छ ।

४. पार्टी विधानको धारा - २९ को (झ) ले महानगर कमिटीलाई जिल्ला कमिटी सरह र उपमहानगर कमिटीलाई प्रतिनिधिसभा निर्वाचन क्षेत्र समन्वय कमिटी सरहको मर्यादा निर्धारण गरेको छ। पार्टी विधानको यस् व्यवस्था कार्यान्वयनका सन्दर्भमा सम्बन्धित कमिटीहरुबाट विभिन्न प्रकारका समस्या एवं सुझावहरु प्राप्त भइरहेका छन् । विशेष गरी महानगर कमिटी जिल्ला कमिटीको मातहत हुने वा नहुने ? उपमहानगर कमिटी प्रतिनिधिसभा निर्वाचन क्षेत्र समन्वय कमिटीको मातहत हुने वा नहुने भन्ने प्रश्न गरिएको छ। बैठकले यस सम्बन्धमा निर्णय गर्नुपूर्व सम्बन्धित कमिटी एवं कमरेडहरुबाट सुझाव प्राप्त गर्ने निर्णय गरेको छ। तसर्थ, पार्टी विधानको उक्त व्यवस्थाको व्याख्या र कार्यान्वयनका सम्बन्धमा पार्टी केन्द्रीय कार्यालयमा एक हप्ता भित्र सुझाव पठाउन


• Dhumbarahi: Tel: +977 1 4378055, 4378090, Fax: +977 1 4015980 • Parisdanda: Tel: +977 1 4602290, 4602288, Fax: +977 1 4602289
PO Box No. 5471, E-mail: info@ncp.org.np, Webpage: www.ncp.org.np

सम्बन्धित महानगर, उपमहानगर, प्रतिनिधिसभा निर्वाचन क्षेत्र, जिल्ला र प्रदेश कमिटी र सम्बद्ध कमरेडहरुलाई निर्देशित गरिएको छ ।

५. बैठकले पार्टीका केन्द्रीय निकाय (अनुशासन आयोग, लेखा परिक्षण आयोग, निर्वाचन आयोग, सल्लाहकार परिषद र जेष्ठ कम्युनिष्ट मञ्च), केन्द्रीय विभाग र उपत्यका विशेष कमिटीलाई पूर्णता प्रदान गर्ने र सम्बन्धित क्षेत्रको कामलाई प्रभावकारी रुपमा अघि बढाउने गर्ने निर्णय गरेको छ । यसका लागि सम्बन्धित निकायका अध्यक्ष र सचिव, विभागका प्रमुख र उपप्रमुख, कमिटीका अध्यक्ष र सचिव कमरेडहरुले एक हप्ता भित्र पार्टी केन्द्रीय कार्यालयमा सिफारिस सहितको नामावली प्रस्तुत गर्नुहुनेछ । यसरी सिफारिस गर्दा यस अघि सम्बन्धित निकाय, विभाग वा कमिटीमा रहेका, सक्षम, क्रियाशील, निष्ठावान र सम्बन्धित बिषयको विज्ञ कमरेडहरुलाई प्राथमिकता दिनुपर्नेछ ।

६. बैठकले एकीकरणको सन्दर्भमा केही जिल्लामा देखिएको समस्या समाधान गर्ने जिम्मेवारी केन्द्रीय संगठन विभागलाई प्रदान गरेको छ । केन्द्रीय संगठन विभागलाई आवश्यक पर्ने सूचना एवं जानकारी उपलब्ध गराउन र संगठन विभागको निर्देशनमा समस्या समाधानमा भूमिका निर्वाह गर्न सम्बन्धित कमिटी एवं कमरेडहरुलाई निर्देशित गरिएको छ ।

७. बैठकले यही २०७६ मङ्सिर १४ गते प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहका गरी ५२ स्थानमा सम्पन्न उपनिर्वाचनको अनुभव र शिक्षालाई सूत्रबद्ध गर्न र तीनबाट यथोचित शिक्षा ग्रहण गर्न जरुरी ठानेको छ । यही प्रयोजनका लागि बिषय केन्द्रीत भएर समीक्षा प्रतिवेदन पठाउन उप-निर्वाचनसंग सम्बन्धित वडा, गाउँपालिका, उपमहानगरपालिका, प्रदेशसभा, प्रतिनिधिसभा, जिल्ला र प्रदेश कमिटीलाई निर्देशित गरिएको थियो । तर अझै पनि केही ठाउँबाट समिक्षा प्रतिवेदन प्राप्त भएको छैन । प्रतिवेदन पठाउन बाँकी कमिटीहरुलाई पाँचदिन भित्र बैठक सम्पन्न गरी समीक्षा प्रतिवेदन पठाउन निर्देशित गरिएको छ । ती प्रतिवेदनका आधारमा केन्द्रीय सचिवालयले समीक्षा गर्नेछ ।

८. पार्टी स्थायी कमिटीको दोश्रो बैठक यही २०७६ मङ्सिर २९ र ३० गते पार्टी केन्द्रीय कार्यालय, धुम्बाराही, काठमाण्डौमा आयोजना गर्ने निर्णय गरिएको छ ।

उपरोक्त निर्णयहरुको प्रभावकारी कार्यान्वयनको अपेक्षा र हार्दिक क्रान्तिकारी अभिवादन सहित,

केपी शर्मा ओली
अध्यक्ष

पुष्पकमल दाहाल 'प्रचण्ड'
अध्यक्ष



• Dhumbarahi: Tel: +977 1 4378055, 4378090, Fax: +977 1 4015980 • Parisdanda: Tel: +977 1 4602290, 4602288, Fax: +977 1 4602289
PO Box No. 5471, E-mail: info@ncp.org.np, Webpage: www.ncp.org.np